## अरुण फाइनान्स लिमिटेडलाई
## समस्याग्रस्त फुकुवा गरी नियमित रुपमा कारोवार गर्न दिइएको बारे
## नेपाल राष्ट्र बैंकको सूचना

अरुण फाइनान्स लिमिटेडले नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन अनुरुप चुक्ता पूँजी रु.१५ करोड भएकोमा नयाँ लगानी कर्ताहरुको प्रवेश गरे पश्चात Calls in Advance मा रकम रु ७ करोड ३३ लाख राखी पूँजी रु.२२ करोड ३३ लाख पु-याएको, संस्थाले संपूर्ण निक्षेपकर्ताहरुलाई निक्षेप फिर्ता भुक्तानी गर्ने सम्वन्धी सूचना समेत जारी गरेको, संस्थामा हाल नयां लगानीकर्ताहरुको प्रवेश भएको, २०७३ असार महिनाको वित्तीय विवरण अनुरुप पूँजिकोष २४.८८ प्रतिशतले धनात्मक रहेको तथा नयाँ लगानीकर्ताहरुको तर्फबाट संचालक समितिको गठन गरी संचालन भइरहेकाले देहायका शर्तहरु सहित संस्थालाई समस्याग्रस्तबाट हटाउने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु**

१. संस्थाको प्रवन्धपत्र तथा नियमावली प्रचलित कानून बमोजिम परिमार्जित गरी ३० दिन भित्र यस बैंकमा पेश गर्नु पर्ने ।
२. पूँजी बृद्धि योजना तथा भावी ब्यवसायिक योजना तयार गरी ३० दिनभित्र यस बैंकमा पेश गर्नु पर्ने ।
३. वित्तीय श्रोत संकलन सम्वन्धमा यस बैंकबाट जारी निर्देशन बमोजिम गर्नु पर्ने ।
४. संस्थाको Credit Policy Guidline अद्यावधिक गरी लागू गर्नु पर्ने ।
५. रु.२५ लाखभन्दा बढीको कर्जा प्रवाह यस बैंकका पूर्व स्वीकृतिमा मात्र गर्नु पर्ने ।
६. संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने ।
७. यस बैंकले विगतमा दिएका निर्देशनहरु तथा संस्थागत सुशासन सम्वन्धी यस बैकबाट जारी निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।
८. खराव कर्जालाई क्रमिक रुपमा तोकिएको ५ प्रतिशतको सीमामा ल्याउनु पर्ने ।
९. संस्थाको सञ्चित नोक्सानी क्रमिक रुपमा तोकिएको मापदण्डमा ल्याउनु पर्ने ।